मिति २०७५/१०/२१ गते प्रकाशित

**नेपाल सरकार**
**शिक्षक सेवा आयोग**
**सानोठिमी, भक्तपुर**

# अन्तर्वार्ताका लागि थप उम्मेदवार छनौट गरिएको सूचना

शिक्षक सेवा आयोगले मिति २०७५/०४/१६ मा गरेको निर्णयका विरुद्ध परेको रिट निवेदन नं.०७५-FN-०३३४ (०७५-WO-०६९८) मा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५/१०/२१ मा जारी भएको अन्तरीम आदेश बमोजिम उत्तरपुस्तिका परीक्षण सम्बन्धि प्रकृया पुरा गरी मिति २०७५।०३।२९ गते लिइएको **माध्यमिक तह, तृतीय श्रेणीको** लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरुमध्ये देहायका उम्मेदवारलाइ देहायको मिति, समय र स्थानमा हुने अन्तर्वार्ताको लागि छनौट गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तहः माध्यमिक** **अन्तर्वार्ता स्थल : शिक्षक सेवा आयोग, सानोठिमी**

**विषयः नेपाली**
**क्षेत्र : मध्यपश्चिमाञ्चल**

| वि.नं. | | ३०३।०७३ | अन्तर्वार्ता मिति र समय |
|---|---|---|---|
| **क्र.नं.** | **रो.नं.** | **उम्मेदवारको नाम** | |
| १. | ६८३९०१०००६ | सावित्रा पन्थी | मिति २०७५/१०/२२ गते (दिउसो १ : ०० बजे ) |

**अन्तर्वार्तामा आउँदा उम्मेदवारहरूले ल्याउनुपर्ने कागजात र अन्य जानकारी**

१. आफ्नो अन्तर्वार्ता हुने दिन अन्तर्वार्ता हुने समय भन्दा १ घण्टा अगावै प्रत्येक उम्मेदवारले सम्बन्धित अन्तर्वार्ता केन्द्रमा अनिवार्य रुपमा सम्पर्क गरी व्यक्तिगत विवरण फाराम भर्नु पर्नेछ ।

२. उम्मेदवारले देहायका सक्कल कागजात र सबै कागजातका एक/एकप्रति प्रतिलिपि आफैले प्रमाणित गरी ल्याउनु पर्नेछ ।
   क) नागरिकताको प्रमाण पत्र
   ख) प्रवेश पत्र
   ग) अध्यापन अनुमति पत्र
   घ) एसएलसी उत्तीर्ण परीक्षाको लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र ।
   ङ) एसएलसी भन्दा माथिल्लो शैक्षिक योग्यताका हकमा आफू उम्मेदवार भएको पदसम्मका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाण-पत्र ।
   च) हालसालै खिचिएको पासपोर्ट साइजको एकप्रति फोटो ।
   छ) आफू जुन तहको अन्तर्वार्तामा सामेल हुने हो सोही तह र श्रेणीमा सेवा गरेको भनी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले प्रमाणित गरिदिएको सक्कल कागजात ।

३. उम्मेदवारले आफुसँग ल्याएका प्रमाणपत्रका एक एक प्रति प्रमाणित प्रतिलिपि, अविच्छिन्न सेवा प्रमाणितको सक्कलै कागजात र आयोगबाट उपलब्ध गराइएको व्यक्तिगत विवरण फाराम भरी रेकर्ड फाइलमा पञ्जिकरण गरी तोकिएको अन्तर्वार्ता मुकाममा पेश गर्नुपर्नेछ ।

४. उल्लिखित सक्कल कागजात लिई नआउने उम्मेदवारलाई कुनै हालतमा अन्तर्वार्तामा सामेल गराइने छैन ।

५. अन्तर्वार्ता सञ्चालन हुने दिन सार्वजनिक विदा परे पनि अन्तर्वार्ता सञ्चालन हुनेछ ।

६. कुनै उम्मेदवारले अन्तर्वार्तामा आफू सफल हुने मनसायले कसैलाई भनसुन गरेको, फोन गरेको र व्यक्तिगत प्रलोभनमा पारेको पाइएमा त्यस्ता उम्मेदवारको सम्पूर्ण परीक्षा आयोगले रद्द गर्न सक्नेछ ।

७. आयोगको पूर्व सूचना विना अन्तर्वार्ताको निर्धारित कार्यक्रम परिवर्तन वा स्थगित हुने छैन ।

८. नतिजा प्रकाशन सम्बन्धी कुनै त्रुटि भएमा आयोगको अभिलेखबाट सच्याइने छ ।

९. थप जानकारी लिनु परेमा आयोगको website:- [www.tsc.gov.np] मा logon गर्न र आयोगको फोन नं. ०१-६६३७८७३ मा सम्पर्क गर्न सकिनेछ ।